# अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०८०"

**प्रस्तावना :**गल्याङ नगरपालिका भित्रका अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुकोसुरक्षित आवास निर्माणकार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धीकार्यविधि, २०७७गल्याङ नगरपालिकाले जारी गरेको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०८०"रहेको छ ।

(ख) यो कार्यविधि गल्याङ नगरकार्यपालिका वाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समिति" भन्नाले सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को दफा १२ वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) "जनता आवास समन्वय समिति" भन्नाले जनता आवास कार्यान्वयन कार्यविधि २०७३ अनुसार गठीत जिल्ला जनता समन्वय समिति सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय " भन्नाले नेपाल सरकारको शहरी विकास मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "स्थानीय तह"भन्नाले गल्याङ नगरपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्यः**

१. नगरपालिका भित्र रहेका अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण गर्ने ।

२. व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाको सहभागिता बृद्धि गर्ने,

३. सरकारी, नीजि, संघ, संस्था, सहकारी (PPP) कोसहभागिता र साझेदारीमा सामाजिक सद्भाव कायम गर्दै भावनात्मक एकता बृद्धि गर्ने ।

**४. कार्यक्रम संचालन** :

१. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची १ को लाभग्राहीहरुको छनौटका आधारअनुसार छनौट गरी कार्यक्रमहरु संचालन गर्ने ।

२. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची २ अनुसारलाभग्राहीहरुसँग अनुदान सम्झौता-पत्र

गरी कार्यक्रमहरु संचालन गर्ने रलाभग्राहीले.......बैकमा खाता खोलीनगरपालिकामा उपलब्ध गराउने ।

३. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची ३ अनुसार लाभग्राहीहरुलाई अनुदान भुक्तानी गरिने ।

४. व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाको सहभागितामा आवास निर्माण गर्न त्यस्ता स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाले गल्याङ नगरपालिकामा नाम सूचिकृत गर्नु पर्नेछ ।

५. त्यसरी नाम सूचिकृत भएका व्यक्ति, युवा क्लवका सदस्यहरुलाई पहिचान स्वरुप गल्याङ नगरपालिकाले तत्काललाई टि-सर्ट उपलब्ध गराउनेछ र कार्य सम्पन्न पश्चात सक्रियताको आधारमा उच्च सम्मान एवं सहयोग गरिने छ ।

६. उक्त निर्माण कार्यमा सम्लग्न मिश्त्रीहरु तथा स्वयंसेवकहरुलाई दिउसोको खाजा र साँझको खानाको ब्यबस्था गल्याङ नगरपालिकाले मिलाउनेछ ।

७. नगरपालिकाले दिएको निर्देशन अनुसारको घरको नक्सा,ड्रइङ डिजाइन, लागत इष्टमेट बमोजिमको घर निर्माण कार्य व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाले स्वयंसेवकको रुपमा गर्नेछ । तर उक्त निर्माण कार्यमा सम्लग्न मिश्त्रीहरुको ज्याला सम्बन्धित घरधनी मार्फत नगरपालिकाले उपलब्ध गराउनेछ ।

८. अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण तथा व्यवस्थापनका क्रममा व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाका प्रत्येक सदस्ले प्रतिघर कम्तिमा ७ दिन श्रमदान गुर्न पर्ने छ र त्यस पछिका दिनहरुको प्रधानमन्त्री स्वरोजगार कायक्रमको बजेटबाट चलनचल्तीमा चलिआएको दैनिक ज्याला नगरपालिकाले घरधनी मार्फत उपलब्ध गराउने छ ।

९. घर निर्माण गर्ने ठाउँ र निर्माण सामाग्री राख्ने ठाउँ घरधनीबाट उपलब्ध गराउनु पर्नेछ ।

१०. नगरपालिकाले उक्त घरहरु निर्माणको लागि आबश्यक पर्ने औजारहरु व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थालाई उपलब्ध गराउनेछ तर उक्त औजारहरु निर्माण कार्य सम्पन्न भएपछि नगरपालिकालाई फिर्ता गर्नु पर्नेछ ।

११. नगरपालिकाले तोकिदिएको मिति २०७.. साल .....महिना .... गते देखि निर्माण कार्य प्रारम्भ गरी मिति २०७.. साल .....महिना .... गते भित्रै सम्बन्धित घर निर्माण कार्य गर्ने व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाले निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

१२. घर निर्माण कार्य गर्ने व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाले गरेको सम्झौता अनुसारको कार्यको अनुगमन नगरपालिकाबाट हुनेछ ।

## ५. उपचारको व्यवस्थाः

अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण कार्य सम्पन्न गर्ने शिलसिलामा निर्माण कार्यमा सम्लग्न कुनै ब्यक्ति (मिस्त्रीवा स्वयंसेवक)लाई कुनै चोट पटक लागेमा नगरपालिकाले उपचारको ब्यबस्था मिलाउने छ ।

## परिच्छेद ३

## ६. श्रोतको व्यवस्थापनः

अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण तथा व्यवस्थापनका लागि तपसिल अनुसारका श्रोतहरु परिचालन गरिने छ ।

क) गल्याङ नगरपालिकाले अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुकोसुरक्षित आवास निर्माणकार्यका लागि विनियोजित रकम,

ख) सुरक्षित नागरिक कार्यक्रम अन्तरगत नगरपालिकामा प्राप्त अनुदान,

ग) जनता आवास कार्यक्रम अन्तरगत नगरपालिकामा प्राप्त अनुदान,

घ) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट नगरपालिकामा प्राप्त अनुदान ।

ङ) अन्य कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त नगद तथा जिन्सी सामान ।

## ७. खर्च र लेखापरीक्षणः

अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण तथा व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यय विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

## ८. प्रतिवेदन पेश गर्नुपर्ने :

अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित आवास निर्माण कार्य तथा व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी सम्बन्धित कार्यमा संलग्न व्यक्ति, स्थानिय युवा क्लव तथा स्थानिय संघ संस्थाले गल्याङ नगरपालिका पठाउनुपर्नेछ ।

## परिच्छेद : ४

## ९. विविधः

अति विपन्न र प्राकृतिक प्रकोपको कारण घरबास विहिन भएकाहरुको सुरक्षित नागरिक आवासकार्यक्रम संचालन गर्दागल्याङ नगरपालिकाको निर्माण सम्बन्धि बनेको आवश्यक मापदण्ड २०७७, सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ एवंभवन निर्माण सम्बन्धि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ ।